# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम प्रकाशित गरिएको विवरण



(२०७९ कार्तिक - पौष)

आन्तरिक मामिला

## आन्तरिक मामिला तथा कानून मन्त्रालय,

### प्रदेश नं. १, विराटनगर

२०७९ माघ

# विषय सूची


| सि. नं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | मन्त्रालयको स्वरूप र प्रकृति | १ |
| २. | मन्त्रालयको काम, कर्तव्य र अधिकार | १-३ |
| ३. | मन्त्रालयको संगठन संरचना | ३ |
| ४. | मन्त्रालयले प्रदान गर्ने सेवाहरु | ३ |
| ५. | मन्त्रालयबाट प्रदान गरिने सेवासम्वन्धी शाखा र जिम्मेवार अधिकारी | ३-४ |
| ६. | मन्त्रालयबाट सम्पादित कार्यक्रमहरु | ४-७ |
| ७. | आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण | ७ |
| ८. | सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि | ७ |
| ९. | निर्णय गर्ने प्रकृया र अधिकारी | ८ |
| १०. | मन्त्रालयका प्रमुख र सूचना अधिकारीको विवरण | ८ |
| ११. | मन्त्रालयको Website र Email Address | ८ |
| १२. | गुनासो सुन्ने अधिकारी | ८ |


आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## १. आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वरूप र प्रकृतिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं.१, विराटनगर, प्रदेश सरकारको नीति निर्माण एवम् कार्यान्वयन गर्ने निकाय हो। प्रदेश सरकारको काम कारवाहीलाई सुव्यवस्थित र प्रभावकारी वनाउन शान्ति सुरक्षा साथै ऐन-कानूनको मस्यौदा तयार गर्ने, विभिन्न मन्त्रालयबाट राय माग भई आएमा विषयमा सहमति प्रदान गर्ने लगायतका काम यस मन्त्रालयबाट सम्पादन हुँदै आएको छ । यसका अतिरिक्त प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ ले प्रदान गरेको अन्य जिम्मेवारीसमेत सम्पादन गर्दै आएको छ ।

## २. आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम, कर्तव्य र अधिकारः

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ का अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्य जिम्मेवारी यस प्रकार रहेको छ -

१. प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,

२. अतिविशिष्ट व्यक्ति, महतवपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,

३. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय,

४. संघीय कानूनबमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन,

५. प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय,

६. लागू औषध तथा मानव बेचविखन नियन्त्रण,

७. लागू औषध दुर्व्यसनी र मानव बेचविखनमा परेकाको उपचार र पुनर्स्थापना,

८. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विशलेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,

९. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,

१०. सामुदायिक प्रहरी,

११. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,

१२. विवाद व्यवस्थापन,

१३. संघीय मापदण्डबमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,

१४. निवारक नजरबन्द र स्थान हदसम्बन्धी

१५. अन्तरप्रदेश सुरक्षा, यातायात, आपूर्ति समन्वय र सम्बन्ध,

१६. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण वा सम्पत्ति प्राप्तिसम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

१७. स्थानीय प्रशासनसँग समन्वय, सञ्चालन र व्यवस्थापन,

१८. विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय सहकार्य र सहयोग,

१९. विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन तथा अनुसन्धान,

२०. विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरणका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय र सहकार्य,

२१. विपद् पूर्वसूचना प्रणाली सञ्जाल व्यवस्थापन र कार्यान्वयन,

२२. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,

२३. प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,

२४. प्रदेश सरकारको तर्फबाट गरिने सभा समारोहको व्यवस्थापन,

२५. अतिविशिष्ट तथा विशिष्ट व्यक्तिको लागि सवारी साधन व्यवस्थापन,

२६. प्रदेशस्तरमा दीगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनः स्थापना,

२७. अपराध तथा यातना पीडितको पुनः स्थापना र क्षतिपूर्ति,

२८. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी,

२९. प्रदेशका विषयगत मन्त्रालयले मस्यौदा गरेको ऐन, नियम र गठन आदेशको तर्जुमा सुधार,

३०. अध्यादेशको तर्जुमा र सोसँग सम्बन्धित काम,

३१. प्रदेश कानून तर्जुमाका लागि राय तथा सहमति,

३२. प्रदेश कानूनको एकीकरण, संहिताकरण तथा अभिलेख व्यवस्थापन,

३३. प्रदेश कानूनको प्रकाशन तथा वितरण,

३४. प्रदेशका महत्वपूर्ण कानूनी लिखतहरुको अभिलेख व्यवस्थापन,

३५. नेपाल पक्ष भएका सन्धी सम्झौताहरुको अभिलेख व्यवस्थापन र कार्यान्वयन,

३६. प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन र प्रकाशन एवम् सबै सार्वजनिक निकायमा प्राप्त हुने गरी प्रदेश राजपत्रको वितरण व्यवस्थापन,

३७. संघबाट प्रकाशित नेपाल राजपत्रको प्राप्ति, अभिलेख र सबै प्रदेश मन्त्रालय र आयोगमा वितरण व्यवस्थापन,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

३८. प्रदेश सरकारका मन्त्रालय र निकायबाट दातृ निकाय र नीजि क्षेत्रसँग हुने करार वा सम्झौताको मस्यौदा तर्जुमामा सहयोग र सोसम्बन्धी कानूनी राय,

३९. सङ्घीय तथा प्रदेश कानूनको कार्यान्वयन,

४०. मन्त्रालय र प्रदेश कानूनबमोजिम गठित आयोग, प्राधिकरणलाई कानूनी राय,

४१. प्रदेश सरकारको हकहित सरोकार भएको मुद्दामा भएको फैसला र आदिको अभिलेख व्यवस्थापन र कार्यान्वयन,

४२. न्यायिक निकायले गरेका फैसला कार्यान्वयनमा सहयोग र सहजिकरण,

४३. प्रदेश सभा सदस्य र अन्य पदाधिकारीको सेवा, सुविधासम्बन्धी कानून तर्जुमा,

४४. प्रदेश सरकारको निर्णयबमोजिम प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने विषय,

४५. प्रदेश सभासँगको समन्वय,

४६. अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेका बाँकी सम्पूर्ण विषयहरु ।

## ३. मन्त्रालयको संगठन संरचनाः

यस मन्त्रालयको स्वीकृत वर्तमान सांगठनिक संरचना अनुसार ३ वटा महाशाखा र ८ वटा शाखाहरु रहेका छन् ।यस मन्त्रालयमा ३८ को दरवन्दी रहेको छ।




**४.** यस मन्त्रालयले प्रदान गर्ने सेवाहरु बुँदा नं. २ मा उल्लेख भएवमोजिम हुनेछ ।

**५.** यस मन्त्रालयबाट प्रदान गरिने सेवासम्वन्धी शाखा र जिम्मेवार अधिकारी निम्नअनुसार रहनु भएको छ ।

## <u>महाशाखा तथा शाखागत जिम्मेवार अधिकारी</u>

१. प्रशासन तथा योजना महाशाखा : श्री अर्जुन निरौला (उपसचिव)
२. सुरक्षा समन्वय महाशाखा : श्री अर्जुन निरौला (उपसचिव)
३. कानून तर्जुमा महाशाखा : श्री गणेश नायक (उपसचिव कानून)
४. प्रशासन तथा योजना शाखा : श्री विजय कुमार मगर(अधिकृतस्तर सातौं तह)
५. विपद् व्यवस्थापन शाखा : श्री चुडामणि गुरागाई (शाखा अधिकृत)
६. शान्ति सुरक्षा शाखा : श्री निर्मल मानन्धर (अधिकृतस्तर सातौं तह)
७. कारागार व्यवस्थापन तथा प्रहरी शाखा : श्री हितेश बस्नेत (शाखा अधिकृत)
८. कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा : श्री सुनिल रेग्मी (कानून अधिकृत)
९. कानून सम्पादन तथा प्रकाशन शाखा : श्री सुनिल रेग्मी (कानून अधिकृत)
१०. सूचना समन्वय तथा प्रसारण शाखा : *हाल सञ्चारसम्बन्धी कार्य यातायात व्यवस्था तथा सञ्चार मन्त्रालयले गर्दै आएको ।*
११. मन्त्रीज्यूको सचिवालय : श्री सुभाष कार्की (अधिकृतस्तर सातौं तह)
१२. आर्थिक प्रशासन शाखा : श्री ढकराज कटुवाल (अधिकृतस्तर छैटौं)

## ६. आ.व. २०७९/०८० कार्तिक, मङ्सिर र पौष महिनामा यस मन्त्रालयबाट सम्पादित कार्यहरुः

### <u>क) प्रशासन तथा योजना शाखा</u>

- आ.व. २०७९।८० को प्रथम चौमासिक प्रगती समिक्षा गरिएको
- मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रका लागि २ थान दमकल खरिदको लागि सम्झौता गरी कार्यादेश दिइएको,
- करारमा कार्यरत कार्यालय सहयोगी, हलुका सवारी चालक र इलेक्ट्रिसियनको करार म्याद थप गरिएको,
- प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र (PEOC) को संरचनात्मक सुधारका लागि सम्झौता भई कार्यादेश दिइएको,
- “हामी स्वयंसेवी अभियान” कार्यक्रम अन्तर्गत सुनसरी जिल्ला संयोजकको पद खाली भएकोमा साविककै कार्यविधि अनुसार नयाँ नियुक्ति गरिएको,
- नियमित दैनिक प्रशासनिक कार्यहरु निरन्तर भैरहेको ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

**ख) प्रहरी प्रशासन तथा कारागार व्यवस्थापन शाखा :**

- जनयुद्ध, दोश्रो जन आन्दोलन, मधेश आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्नेका परिवारलाई जनही रु १ लाखका दरले रकम उपलब्ध गराउन सूचना आव्हान गरिएकोमा जिल्ला प्रशासन कार्यालयमार्फत माग संकलन गरी सिफारिस गर्ने क्रममा रहेको ।
- मंसीर २० गते मन्त्रालयको हलमा हामी स्वयम् सेवी अभियान कार्यक्रम अन्तर्गत कार्यरत सम्पुर्ण जिल्ला संयोजकहरूको भेला सम्पन्न गरियो।
- हामी स्वयम् सेवी अभियान अन्तर्गतको लागु औषध नियन्त्रण तथा विपद् व्यवस्थापन सम्वन्धि सचेतनामुलक भिडियो निर्माण सम्पन्न गरि मकालु टेलिभिजनवाट प्रशारण भइरहेको ।
- हामी स्वयम्  सेवी अभियान स्वयम् सेवी र प्रधानाध्यापकलाइ वितरण गर्ने नोट वुक छपाइ सम्पन्न गरिएयो ।
- हामी स्वयम्  सेवी अभियान स्वयम् सेवी र प्रधानाध्यापक तथा विद्यार्थिलाइ वितरण गर्ने ब्रोसर र व्याज छपाइ सम्पन्न गरियो ।
- "प्रधानाध्यापक तथा शिक्षक नायक अभिमुखिकरण" कार्यक्रम ओखलढुङ्गा, खोटाङ र उदयपुरमा सम्पन्न गरियो ।
- "लागु औषध नियन्त्रण तथा विपद् व्यवस्थापन सम्वन्धि सचेतनामुलक कार्यक्रम" अन्तर्गत कविता प्रतियोगिता ओखलढुङ्गा, खोटाङ र उदयपुरमा सम्पन्न गरियो ।
- मोरङ र सुनसरी बाहेक प्रत्येक जिल्लामा जिल्ला संयोजक हरुसँग नियमित सम्पर्कमा रही जिल्लास्तरीय अनुगमन समिति स्थानीय तहस्तरीय समन्वय तथा सहजीकरण समिति विद्यालय तहको कार्यक्रम कार्यान्वयन समिति निर्माण गरिरहेको ।
- १२ जिल्लाका ५९० ओटा विद्यालयमा हामी स्वयम् सेवी समुह गठन गरियो ।

**ग) शान्ति सुरक्षा शाखा :**

१. प्रदेश भित्र शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्न प्रदेश सुरक्षा समन्वय समितिको नियमित वैठक बसेको ।

२. प्रदेशका सबै जिल्ला प्रशासन कार्यालयहरुबाट जिल्लाको समग्र शान्ति सुरक्षाको स्थिति बारे जानकारी लिई जिल्ला प्रशासन कार्यालयहरुसँग समन्वय तथा आवश्यक निर्देशन दिईएको ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं १

३. विशिष्ट तथा अतिविशिष्ट व्यक्ति प्रदेशमा रहनुहुँदा बवश्यक सुरक्षा व्यवस्थापन तथा समन्वय गरेको ।

४. मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन, २०७९ लाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न तथा प्रदेशको विद्यमान सुरक्षा अवस्था, समस्या तथा चुनौती र आगामी कार्यभार लगायतका विषयमा प्रदेश नं. १ स्थित सुरक्षा निकायका प्रमुख, प्रदेशका १४ वटै जिल्लाहरुका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा प्रमुख लगायतको सहभागितामा विराटनगरमा प्रदेशस्तरीय सुरक्षा गोष्ठी आयोजना गरिएको ।

५. प्रदेश कमाण्ड पोष्ट र निर्वाचन सेलको बैठक बसी मंसिर ४ गते सम्पन्न भएको निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न तथा शान्ति सुरक्षासम्बन्धी आवश्यक निर्णय तथा निर्देशन गरिएको ।

## घ) कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखाः

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | राजपत्र प्रकाशन तथा सम्पादन | ११ |
| २ | राय सहमति | ५ |
| ३ | महिला हिंसा, मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण तथा न्यूनीकरणका लागि सामुदायिक विद्यालयका कक्षा ९ देखि १२ सम्म अध्ययनरत छात्राहरुका लागि जनचेतनामूलक कार्यक्रम | २ (संखुवासभा र भोजपुर) |
| ४ | कानून सम्बन्धि जनचेतना अभिवृद्धि गर्न सामुदायकि विद्यालयका कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि कानून सचेतना कार्यक्रम | २ (संखुवासभा र भोजपुर) |

## ङ) कानून सम्पादन तथा प्रकाशन शाखा

- विभिन्न मन्त्रालयबाट प्रदेश राजपत्रमा प्रकाशनका लागि प्राप्त कानूनहरु छपाई गरी पठाइएको ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं १

**च) मा.मन्त्रीज्यूको सचिवालय :**

१. विभिन्न रोग लागी आर्थिक सहायता/उपचार खर्च पाउँ भनी निवेदन पेश भएको र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई आर्थिक सहायताका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश भएको र २७ जनाका लागि निर्णय भई भुक्तानीको लागि यस मन्त्रालयमा प्राप्त भएको ।

**(छ) विपद् व्यवस्थापन शाखा :**

१. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण र हाम्रो मन्त्रालयको संयुक्त आयोजनामा सुनसरी, मोरङ र उदयपुर जिल्ला प्रशासन कार्यालयका विपद् सम्पर्क व्यक्ति, मोरङ जिल्लाका स्थानीय तहका विपद् सम्पर्क व्यक्तिहरु र प्रदेशस्तरीय विपद् सम्पर्क व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

२. विराटनगर महागरपालिकाका वडा नं. ५ का शितलहर प्रभावित विपन्न परिवारलाई १५० थान कम्बल, जिल्ला प्रशासन कार्यालय सुनसरीलाई १०० थान कम्बल र विराटनगर महानगरपालिका स्थित विराटेश्वर वृद्धाश्रम र महिला जागृति वृद्धाश्रममा रहेका असहाय नागरिकलाई ७५ थान कम्बल वितरण गरिएको ।

४. खोटाङ जिल्लाको केपिलासगढी गाउँपालकिामा मिति २०७९।०९।०४ गते भएको आगलागी पिडितलाई राहत स्वरुप चामल ४५० के.जी. दाल ४५ के.जी. चिनी ४५ के.जी. कम्बल २७ थान र त्रिपाल १८ थान वितरण गरिएको ।

५. धनकुटा, भोजपुर, खोटाङ, झापा र संखुवासभाका बाढि पहिरो पिडितका लागि घरेडी खरिद र पुनर्निर्माणका लागि रु १ करोड ५३ लाख जिल्ला प्रशासन कार्यालय पठाउन प्रक्रियामा रहेको।

## ७. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

मन्त्रालयको वेभसाइटमा मासिक प्रकाशन गर्ने गरिएको हुँदा वेभसाइटमा हेर्न सकिने ।

## ८. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि :

यस मन्त्रालयबाट प्रदान गरिने सेवामा कुनै दस्तुर लाग्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## ९. निर्णय गर्ने प्रकृया र अधिकारी :

मन्त्रालयमा रहेका शाखाहरुमा कार्यरत आ-आफ्नो जिम्मेवारीअनुसार अधिकृत (छैटौं/सातौं/आठौं) तहले शुरु टिप्पणी उठान गरी आफूभन्दा माथिको महाशाखा प्रमुख (उपसचिव) समक्ष पेश गर्ने र उपसचिवले राय प्रतिकृयासहित मन्त्रालयको सचिवसमक्ष पेश गर्नुपर्ने छ। मन्त्रालयको सचिवबाट सदर हुने हकमा सचिवबाट टिप्पणी आदेश सदर हुने र माननीय मन्त्रीज्यूबाट सदर हुने टिप्पणी आदेश सचिवको रायसहित माननीय मन्त्रीज्यूसमक्ष सदरका लागि पेश गरिने छ ।

## १०. मन्त्रालय प्रमुख र सूचना अधिकारीको नाम थर र पदः-

**क) मन्त्रालयका प्रमुखः-** श्री उमेश बस्नेत
पदः- प्रदेश सचिव
मोवाइल नं. ९८५२०७००४५

**ख) प्रवक्ता :-** श्री अर्जुन निरौला
पद : उपसचिव
मोवाइल नं. ९८५२०२५८४८

**ग) सूचना अधिकारीः-** विजय कुमार मगर
पदः- शाखा अधिकृत (अधिकृतस्तर आठौं)
मोवाइल नं. ९८५२०८६७८९

## ११. यस मन्त्रालयको Website: moial.p1.gov.np

**Email:** moialprov1@gmail.com

## १२. गुनासो सुन्ने अधिकारीः-

यस मन्त्रालयबाट प्रदान गरिने सेवा सम्वन्धमा कुनै गुनासो वा उजुरी भए सो सुन्ने अधिकारी मन्त्रालयको उपसचिवलाई तोकिएको छ ।

श्री अर्जुन निरौला
पद : उपसचिव
मोवाइल नं. ९८५२०२५८४८

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं १